# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा. परिपत्र संख्या : ११/२०७७-७८

मितिः २०७७/१२/१२

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग लगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरू, इजाजपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरू र राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरू ।

**विषय : एकीकृत परिपत्र-२०७६ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७६ मा देहाय बमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ :

**१. एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्र :०१/२०७६ को १.१.१५ लाई देहायबमोजिम संशोधन गरिएको छ :**

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरू सोही बमोजिम हुनेछ ।

साथै, भन्सार उपशीर्षक ०७१३.१०.०० को केराउको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ८०,००० (असी हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०२.८०.०० र ०८०२.९०.०० को सुपारीको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल २५,००० (पच्चीस हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी, भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल ५,००० (पाँच हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी र भन्सार उपशीर्षक ०९०४.११.०० को नधुल्याएको मरिचको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाई आर्थिक वर्ष २०७७/७८ अवधिको लागि कूल १५,००० (पन्ध्र हजार) मेट्रिक टन परिमाण ननाघ्ने गरी विदेशबाट आयात गर्न सकिने परिमाणात्मक बन्देज लगाइएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

साथै, अमेरिकी डलर ५०,००० भन्दा बढी मूल्यको सवारी साधनको पैठारीमा लगाइएको पूर्ण बन्देजलाई हटाइएको र नधुल्याएको मरिच आयातको परिमाणात्मक बन्देज सम्बन्धी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७७/०३/०८ को सूचना खारेज गरिएको हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

भन्सार उपशीर्षक ०८०४.१०.०० को छोकडाको पैठारीमा पूर्ण बन्देज लगाएकोमा २०७६ चैत १६ गते अगाडि नै चलान (सिपिङ्ग) भइसकेका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका छोकडाको हकमा सम्बन्धित भन्सार स्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको कार्यालयले गुणस्तर प्रमाणीकरण गरी उपयुक्त देखिएको सिफारिस गरेमा त्यस्तो छोकडा पैठारी गर्न प्रयोजनको लागि समेत विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने छ ।

भवदीय,

२०७७/१२/१२

(रामु पौडैल)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।

३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री नेपाल सरकार, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
७. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
८. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
९. श्री नेपाल सरकार, भन्सार विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१३. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१६. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१७. श्री नेपाल उद्योग परिसंघ ।